नेपाल सरकार
Government of Nepal
कृषि विकास मन्त्रालय
Ministry of Agricultural Development
सिंहदरबार, काठमाण्डौ, नेपाल
Singhdurbar, Kathmandu, Nepal

# भिण्डी खेती पात्रो (Okra Cropping Calendar)

| महिना | बैशाख | | | | जेष्ठ | | | | आषाढ | | | | श्रावण | | | | भाद्र | | | | आश्विन | | | | कार्तिक | | | | मंसिर | | | | पौष | | | | माघ | | | | फाल्गुन | | | | चैत्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| मौसम | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |


खेतको तयारी अवस्था


गोड्मेल र उकेरा लगाउने अवस्था


मलखाद र सिंचाई व्यवस्थापन


दोस्रो मलखाद र सिंचाई व्यस्थापन


बजारीकरणको लागि तयारी अवस्था

## भिण्डी

रामतोरिया अर्थात् भिण्डी उष्ण तथा उपोष्ण क्षेत्रमा हुने र राम्रो उत्पादन लिनका लागि २५-३० डिग्री सेन्टिग्रेड तापक्रम उपयुक्त हुन्छ। बलौटे दोमट वा दोमट माटो जसको पि.एच. ६.०-७.५ सम्म हुन्छ यसको सफल खेतीका लागि राम्रो मानिन्छ।



## लगाउने समय

| क्षेत्र | लगाउने समय | जात |
|---|---|---|
| उच्च पहाड | बैशाख-जेष्ठ | पार्वती |
| मध्य पहाड | फाल्गुण-आषाढ | अर्का अनामिका |
| तराई | माघ-आषाढ | जया (F1) हाइब्रिड |



## जमिनको तयारी

गहिरो गरी ३-४ पटक राम्रोसँग खनजोत गरी एक रोपनीमा १००० के.जी. राम्रो पोकेको गोबरमल, ८ के.जी. युरिया, ६ के.जी. डि.ए.पी. र ३ के.जी म्यूरेट अफ पोटास मध्ये यूरिया आधा भाग राखी बाँकी सम्पूर्ण मल जग्गा तयारीको बेला राम्ररी माटोमा मिलाउने। बाँकी आधा भाग युरिया दुई चोटी १-१ महिनाको फरकमा राख्ने।



## बीउ दर

समय (मौसम) अनुसार ५०० ग्राम देखि १००० ग्राम बीउ एक रोपनीको लागि प्रर्याप्त हुन्छ।



## बीउ रोप्ने तरिका

हिउँदे - एक हार देखि अर्को हार - ५० से.मी.
बोट देखि बोटको दूरी - ३० से.मी.
गहिराई - २-३ से.मी.

वर्षे - एक हार देखि अर्को हार - १२० से.मी.
बोट देखि बोटको दूरी - ३० से.मी.

बीउ रोप्दा पानीमा २४ घण्टा भिजाई ओभाएपछि बीउलाई खेतमा रोप्नु पर्दछ जसले चाँडै उम्रन मद्दत पुऱ्याउँछ।



## गोडमेल र सिंचाई

बीउ लगाएको १५ - २० दिनमा गोडमेल गरी चिस्यान कम भए नभएको एकिन गरी सिंचाई दिनु पर्छ। गोडाई पछि हल्का उकेरा लगाउनु पर्छ। दोस्रो गोडाई ३० - ४० दिनमा र तेस्रो गोडाई ५० - ६० दिनमा गर्दा राम्रो हुन्छ।



## उत्पादन

बीउ रोपेको ५० - ६० दिनमा बाली टिप्ने बेला हुन्छ। प्रत्येक ३ - ४ दिनको अन्तरालमा साँझपख फल टिप्नु पर्छ। एक रोपनीमा सरदर ५०० - १००० के.जी. कलिला कोसा उत्पादन गर्न सकिन्छ।



## बजार प्रवर्द्धन

कोसा टिप्दा ६ - ८ से.मी. लामो उत्तम हुन्छ। धेरै छिप्पीएको कोसा राम्रो मानिदैन। टाढाको बजारमा लग्दा कागजको कार्टुनमा राम्ररी प्याक गरी लग्नु पर्छ। करिब ७ - १० डिग्री सेन्टिग्रेड तापक्रम र ९० - ९५ प्रतिशत सापेक्षिक आर्द्रताको अवस्थामा कोसालाई ७ - १० दिन सम्म राम्ररी राख्न सकिन्छ।



## मुख्य कीराहरु

**छिर्के गवारो:** यो कीरा नियन्त्रणको लागि साइपरमेथ्रिन २ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्ने।



**फड्के:** यो कीरा नियन्त्रणको लागि मालाथियन ५ मि.लि. वा फेन्भलेरेट २ मि.लि. वा साइपरमेथ्रिन २ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्ने।



## मुख्य रोगहरु

**नशा पहेंलिने रोग:** यो रोग लाग्न नदिन अवरोधी जात जस्तै पार्वती, अर्का अनामिका जात लगाउने। यसको नियन्त्रणका लागि मालाथियन ०.१ प्रतिशत वा नुभान ०.०४ प्रतिशत बीउ उम्रेको १५ - ३० दिनमा दुई पटक छर्ने।

**धुलो ढुसी रोग:** यो रोग नियन्त्रणका लागि वेभिष्टिन ०.५ - १ ग्राम प्रतिलिटर पानीमा मिसाई छर्ने।



## सन्दर्भ सामाग्री

तरकारी खेती प्रविधि-२०६८, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा, कृषि विकास मन्त्रालय, काठमाडौं।